उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः८ संख्याः १ मितिः २०८१/०२/१५

## भाग-२

उत्तरगया गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१

**प्रस्तावनाः** स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, प्रवर्धन र संवर्धन लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी विशिष्टीकृत कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बाल बचाउँ, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बाल मैत्री, पोषणमैत्री, बालश्रममुक्त, बाल विवाहमुक्त स्थानीय तहको प्रवर्धन गर्नु वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी उत्तरगया गाउँपालिकाको गाउँकार्यपालिकाबाट यो कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याईएको छ।

## परिच्छेद — १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "बाल अधिकार संरक्षण, प्रवर्धन तथा सम्बर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “अध्यक्ष” भन्नाले उत्तरगया गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) “उपाध्यक्ष” भन्नाले उत्तरगया गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ।

(घ) “एकीकृत कार्यविधि” भन्नाले बाल अधिकार संरक्षण तथा संवर्धन कार्यविधि, २०८० सम्झनु पर्छ।

(ङ) “गाउँपालिका” भन्नाले उत्तरगया गाउँपालिका भन्ने सम्झनु पर्छ।

(च) “परिषद्” भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(छ) “प्रदेश मन्त्रालय” भन्नाले बागमती प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ज) “प्रदेश समिति” भन्नाले बागमती प्रदेश बाल अधिकार समिति भन्ने सम्झनु पर्छ।

(झ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम उत्तरगया

गाउँपालिकाको प्रशासकीय प्रमुखको रूपमा कार्यरत अधिकृत कर्मचारी भन्ने सम्झनु पर्छ।

(ञ) "बाल कल्याण अधिकारी" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम उत्तरगया गाउँपालिकाले नियुक्त गरेको वा तोकेको बाल कल्याण अधिकारी सम्झनु पर्छ ।

(ट) "बालक्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि १८ वर्षसम्मका बालबालिकाले यस कार्यविधि बमोजिम स्थानीय तहमा दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(ठ) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनस्र्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि कार्यविधिको परिच्छेद ५ बमोजिम उत्तरगया गाउँपालिकाले खडा गरिएको बाल कोष भन्ने सम्झनु पर्छ।

(ड) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ढ) "बाल सञ्जाल" भन्नाले बालक्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ।

(त) "लेखा प्रमुख" भन्नाले उत्तरगया गाउँपालिकामा कार्यरत लेखा प्रमुख भन्ने सम्झनु पर्छ।

(थ) "वडा अध्यक्ष" भन्नाले उत्तरगया गाउँपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्छ।

(द) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ।

(ध) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा कम्तिमा स्नातक पास गरी तीन महिनाको तालिम प्राप्त गरी स्थानीय तहमा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवं सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(न) "बालअधिकार समिति" भन्नाले यस कार्यविधि बमोजिम उत्तरगया गाउँपालिकामा गठन भएको गाउँ

बालअधिकार समिति तथा वडा स्तरीय बालअधिकार समिति भन्ने सम्झनु पर्छ।

(प) "संस्था" भन्नाले बालअधिकार संरक्षण, प्रवर्धन र सञ्चालन गरिरहेका संघ/संस्था, संङ्गठन तथा सामुदायिक संस्थाहरूलाई सम्झनु पर्छ ।

(फ) "सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा सेवा प्रवाह गरिरहेको सरकारी कायार्लय, स्वास्थ्य चौकी, विद्यालय श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

## परिच्छेद — २

## उद्देश्य तथा सिद्धान्त

३. **उद्देश्यः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्

(क) नेपालको संविधानमा उल्लेखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघीय ऐन तथा प्रदेश ऐनमा भएका व्यवस्थाहरूको स्थानीय तहमा कार्यान्वयन गर्ने,

(ख) स्थानीय तहमा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्बन तथा प्रवर्धन गर्ने,

(ग) बालक्लब वा संस्था, बाल अधिकार समिति, बालकोषको व्यवस्थापन र परिचालन गर्ने,

(घ) बालविवाह मुक्त स्थानीय तह, बालश्रम मुक्त स्थानीय तह, पोषणमैत्री स्थानीय तह र वातावरण मैत्री स्थानीय तहको कार्यान्वयन तथा प्रवर्धन गर्ने,

(ङ) बालबालिमाथि हुने सबै प्रकारका हिंसा, दुव्र्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

## परिच्छेद — ३

## बाल अधिकारको संरक्षण, प्रवर्धन र संवर्धन गर्ने

४. **बाल अधिकारको संरक्षण गर्नुपर्नेः** (१) बाल अधिकारको संरक्षण, प्रवर्धन र संवर्धन गर्नु गाउँपालिकाको दायित्व हुनेछ।

(२) बालबालिकाको स्वस्थ जीवन तथा बाच्न पाउने अधिकारको कार्यान्वयन गाउँपालिकाले देहाय अनुसार गर्नेछः

(क) बालबालिकाको स्वस्थ जन्मको लागि आमा तथा बच्चा दुवैको नियमित स्वास्थ्य परीक्षणलाई प्राथमिकतामा राख्नेछ।

(ख) सुत्केरी हुनुभन्दा पहिला गर्भवती महिलाको र सुत्केरी भैसकेपछि आमा बच्चा दुवैको स्वास्थ्य परीक्षणका लागि प्रोत्साहन गर्नेछ ।

(ग) गर्भवती महिलालाई स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गर्नेछ ।

(घ) राष्ट्रिय खोप तालिका बमोजिमको खोप सेवा सबै बालबालिकाको पहुँचमा पु¥याउनेछ ।

(ङ) स्वास्थ्य संस्थाहरूले अनिवार्य रूपमा महिनाको कम्तीमा एक पटक निःशुल्क औषधि र परीक्षण सुविधा सहितको विद्यालय स्वास्थ्य शिविर सञ्चालन गर्नेछन् ।

(च) निजी स्वास्थ्य संस्थाहरूले गाउँपालिका भित्रको कुनै एक सार्वजनिक विद्यालय र एक सामुदायिक वस्तीलाई आफ्नो सेवा क्षेत्र मानी निःशुल्क औषधि तथा उपचार सेवा प्रदान गर्नेछन् ।

(छ) प्रत्येक विद्यालय परिसरलाई पर्खाल वा घेराबार लगाई अवाञ्छित व्यक्ति तथा चौपायाको प्रवेश रोक्नेछ ।

(ज) विद्यालय क्षेत्रको १०० मिटर वरिपरिको बाटोमा सवारी साधनको गति अधिकतम २० कि.मि. प्रति घण्टा तथा हर्न निषेधित क्षेत्र कायम गर्नेछ ।

(झ) सामुदायिक तथा सरकारी स्वास्थ्य केन्द्रबाट न्यूनतम वार्षिक २ पटक खोप, पोषण तथा मातृशिशु स्याहार सम्बन्धी कार्यक्रम वस्ती तथा विद्यालय स्तरमा सञ्चालन गर्न लगाउनेछ ।

(ञ) स्वास्थ्य कार्यकर्ता, महिला स्वास्थ्य स्वयं सेविका र विद्यालय स्वास्थ्य नर्सलाई बाल अधिकार बाल संरक्षण, बाल सुरक्षाका विषयमा प्रशिक्षित तथा परिचालन गर्नेछ ।

(ट) बालबालिकाका लागि अस्वस्थकर र हानिकारक भनी प्रमाणित गरिएको खेलौना तथा खाद्य पदार्थहरू खेल्न र खान रोक्नका निम्ति संचेतना जनाउनुका साथै बजारमा विक्री वितरण गर्न रोक लगाउनेछ ।

(ठ) भूकम्प, बाढी पहिरो, आगलागी, वन्य जन्तुको आक्रमण, खोला जस्ता जोखिमबाट बढी प्रभावित हुने क्षेत्रमा बालबालिकाको सुरक्षाका लागि विपद् व्यवस्थापनमा विशेष ध्यान दिइनेछ ।

(ड) कुनैपनि विद्यालयको २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सुर्तिजन्य लगायतका सामग्री बिक्री वितरण तथा उपभोग गर्न रोक लगाइनेछ ।

(ढ) विद्यालय परिसर वरपर कुनै पनि चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित तस्वीर, होर्डिङ बोर्ड, पोस्टर पम्प्लेट लगाएतका प्रचारप्रसार गर्न रोक लगाइनेछ ।

(ण) बालबालिकाको विद्यालय भर्नादरलाई सत प्रतिशत पुर्याउन तथा विद्यालय छोडने दर घटाउनाको लागि पारिवारिक आर्थिक अवस्था हेरी थप छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

(त) १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई सुर्ती, चुरोट तथा मदिराजन्य पदार्थ र अश्लील साहित्य तथा सामग्री विक्री वितरण गर्न निषेध गर्नेछ।

(थ) स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षालाई पहिलो प्राथमिकतामा राखिनेछ ।

(द) आर्थिक रूपमा विपन्न परिवारका बालबालिकाको पोषणका निम्ति सहायता प्रदान गरिनेछ ।

(ध) बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि नेपाल सरकारले निर्माण गरेको बाल श्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम अभियान चलाइने छ ।

(न) बाल विवाह मुक्त स्थानीय शासन घोषणाका निम्ति नेपाल सरकारले तयार गरेको बाल विवाह अन्त्य रणनीति २०७२ अनुसार काम गरिनेछ ।

(प) बाल मैत्री स्थानीय शासन र वातावरण मैत्री स्थानीय तह घोषणा तथा दिगोपनाका निम्ति लगानी बढाई बालबालिकामा गरिने कामलाई गौरवका योजनामा प्रवर्धन गरिनेछ ।

(३) स्थानीय तहमा सेवा प्रवाह गरिरहेका विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरूले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुव्र्यवहार रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि गाउँपालिकाले सहजीकरण गर्नेछ ।

(४) गाउँपालिकाले बालबालिकाको संरक्षणका लागि देहायका उपायहरू अवलम्बन गर्नेछः—

(क) विद्यालयमा अवाञ्छित राजनीतिक गतिविधि, हस्तक्षेप तथा बालबालिका एवम् शिक्षकहरूको दलगत परिचालनमा निषेध गरिनेछ।

(ख) प्रचलित कानून बाहेक विना कारण विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निश्कासन गर्न नपाइने व्यवस्था लागू गरिनेछ।

(ग) विद्यालयमा शिक्षक, विद्यार्थी, प्रशासक एवम् अभिभाक तथा आगन्तुकहरूले बालबालिकाबीच कुनै पनि भेदभाव, शारीरिक तथा मानसिक एवम् यौन हिंसा र दुव्र्यहार, अवहेलना गर्न निषेध गरिनेछ।

(घ) प्रत्येक विद्यालयमा सफा पिउने पानी, शौचालयमा पर्याप्त पानीको व्यवस्था, किशोरीका लागि महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकसको व्यवस्था गरिनेछ।

(ङ) विद्यालयमा बालबालिका विरुद्ध हुने सबै प्रकारका हानीको न्यूनीकरण तथा भय रहित शिक्षण सिकाइका लागि बालक्लब वा संस्थाको रचनात्मक प्रयोग गरिनेछ।

(च) बालबालिका विरुद्ध हुने हिंसा, दुव्र्यवहार, शोषणका अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली स्थापना गरी क्रियाशील बनाइने छ र प्रेषण प्रणालीलाई प्रभावकारी बनाइनेछ।

(छ) विद्यालयमा शिक्षा तथा अन्य सुविधाका नाममा धार्मिक द्वेष फैलाउने, धर्म परिवर्तन गर्न लगाउने र फरक

जात, समुदाय, सम्प्रदाय तथा संस्कृतिप्रति द्वेष तथा घृणा जगाउने कार्य निषेध गरिनेछ।

(ज) विद्यालयमा सम्वद्ध सरोकारवालाको आचारसंहिता बनाइ लागू गरिनेछ।

(झ) गाउँपालिका तथा वडा कार्यालयका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ञ) गाउँपालिका तथा वडा कार्यालयहरूको विषयगत शाखाहरूको योजनामा बाल संरक्षण तथा प्रेषण प्रणाली अनिवार्य रूपमा समावेश गरिनेछ।

(ट) जोखिममा रहेका बालबालिकाको तत्काल उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, वेवारिस फेला परेका बालबालिकाको सकुशल उद्धार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास सेवा केन्द्रको नं. १०४ को प्रचारप्रसार गरिनेछ।

(ठ) गाउँपालिका तथा वडा कार्यालयहरूले बालअधिकारको संरक्षण तथा संवर्धनका लागि शिक्षा र स्वास्थ्यका बजेट अतिरिक्त अनिवार्य रूपमा पुँजीगत

बजेटको १५ प्रतिशत विनियोजन गर्ने व्यवस्था मिलाईनेछ।

(ड) प्रत्येक वडामा न्यूनतम एक बाल उद्यानको निर्माण तथा सञ्चालन गरिनेछ।

(ढ) प्रत्येक वडामा एक बाल पुस्तकालय तथा वाचनालयको स्थापना तथा सञ्चालन गरिनेछ ।

(ण) गाउँपालिकास्तरमा बाल सिर्जना केन्द्रको स्थापना गरिनेछ ।

(त) प्रत्येक परिवारले आफ्नो परिवारमा जन्मिएका बालबालिकाको जन्मदर्ता प्रचलित कानून बमोजिम ३५ दिनभित्र गरिदिने व्यवस्था लागू गरिनेछ ।

(थ) प्रत्येक परिवारले ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा ५ देखि १७ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने व्यवस्था मिलाईनेछ ।

(द) बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ ।

(ध) बाल विवाहलाई पूर्ण रूपमा अन्त्य गर्नका लागि बहुपक्षीय समन्वय तथा सहकार्य गरिनेछ ।

(न) सबै प्रकारको बालश्रमलाई निषेध गरिनेछ ।

(प) बालमैत्री तथा पोषणमैत्री स्थानीय तह निर्माण गरिनेछ र यसको दिगोपनाका लागि समेत रणानीति निर्माण गरी कार्यान्वयन गरिनेछ ।

(प) समुदायमा कसैले पनि बालबालिका विरुद्ध हिंसा, शोषण, दुव्र्यवहार गरेमा वा त्यस्ता घटना हुन लागेको थाहा भएमा नजिकको प्रहरी कार्यालय, वडा स्तरीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति वा न्यायिक समितिमा अनुसूची ३ बमोजिम उजुरी गर्ने परिपाटीको व्यवस्था मिलाईनेछ । उजुरीमाथि न्यायिक समितिले आवश्यक कारवाही गर्नेछ ।

**५. <u>बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः</u>** (१) गाउँपालिकाका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघसंस्था तथा सेवा प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

६. **<u>बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धः</u>** (१) स्थानीय तहभित्र फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९

(२) को खण्ड (क), (ख) र (ग) बमोजिम एवम् बालबालिका सम्बन्धी नियमावली, २०७८ को परिच्छेद ६ को नियम ५३ देखि ६१ सम्मको व्यवस्था बमोजिम गरिनेछ । तर, यस्तो व्यवस्था हुन नसक्ने अवस्था भएमा नजिकको पालिका वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालीन संरक्षणका लागि सिफारिस गरिनेछ (अनुसूची १ र २)।

## परिच्छेद — ४

## <u>बाल सहभागिता तथा बालक्लब एवम् संस्था सञ्चालन</u>

७. **<u>बालक्लब वा संस्था खोल्नेः</u>** (१) बाल अधिकारको संरक्षण र प्रर्वधनका लागि बालबालिकाले बालक्लब वा संस्था खोल्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम बालक्लब वा संस्था खोल्दा उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको सामाजिक तथा सांस्कृतिक विविधता समावेश हुने गरी खोलिनेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका बालबालिकाले अपाङ्गता भएका बालबालिका मात्र र बालिकाले बालिका मात्र सदस्य रहने गरी विशिष्टीकृत बालक्लब वा संस्था खोल्न सकिनेछ ।

(४) यस नियम बमोजिम खोलिएको बालक्लब वा संस्था उत्तरगया गाउँपालिकामा दर्ता गर्नु गरिनेछ ।

(५) उपनियम (४) बमोजिम बालक्लब वा संस्था दर्ता गर्नको लागि देहायका कागजातहरू संलग्न गरी महिला तथा बालबालिका शाखामा निवेदन दिनु पर्नेछ ।

(क) प्रस्तावित बालक्लब वा संस्थाको विधान

(ख) प्रस्तावित बालक्लब वा संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवम् निर्णयको प्रतिलिपि ।

(६) उपनियम (५) बमोजिम प्राप्त निवेदनउपर सम्बन्धित स्थानीय तहले आवश्यक जाँचबुझ गरी त्यस्तो बालक्लब वा संस्था दर्ता गरी दर्ता प्रमाणपत्र दिइनेछ ।

**८. <u>बालक्लब वा संस्थाको नवीकरणः</u>** (१) नियम ३ बमोजिम दर्ता भएका बालक्लब वा संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र सम्बन्धित स्थानीय तहमा देहायका विवरण खुलाई नवीकरणको लागि निवेदन दिनु पर्नेछ —

(क) आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) कार्य समिति सदस्य हेरफेर भएको भए सो सम्बन्धी विवरण ।

(२) स्थानीय तहले उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी बालक्लब वा संस्थाको नवीकरण गरिनेछ ।

९. **<u>बालक्लब वा संस्थाको काम र कर्तव्यः</u>** बालक्लब वा संस्थाको काम र कर्तव्य देहाय बमोजिम हुनेछः—

(क) बालक्लब वा संस्थाको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ख) बालबालिकाको हक, हित र अधिकारको प्रवर्धन, सिर्जनात्मक गतिविधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ग) विद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम सञ्चालन गर्ने,

(घ) गाउँपालिकाले वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बालक्लब वा संस्था मार्फत सामूहिक धारणा राख्ने,

(ङ) बालक्लब वा संस्थाको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

(च) बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

(छ) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा विभिन्न जात, जाति, धर्म सम्प्रदायको बीचको सु—सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

(ज) कुनै राजनीतिक दलसँग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र विरोध गर्न नहुने,

(झ) स्थानीय कानूनले तोकेका अन्य काम र कर्तव्यको पालना गर्ने ।

**१०. <u>बालक्लब वा संस्थाको दर्ता खारेज गर्नेः</u>** उत्तरगया गाउँपालिकाले देहायको अवस्थामा बालक्लब वा संस्थाको दर्ता खारेज गर्नेछः

(क) दर्ता गरेको तीन आर्थिक वर्षसम्म नवीकरण नगराएमा,

(ख) बालक्लब वा संस्थाका बहुमत सदस्यले दर्ता खारेज गर्न निवेदन दिएमा,

(ग) बालक्लब वा संस्थाको नामको प्रयोग गरी प्रचलित कानून विपरीतका क्रियाकलापमा बालक्लब वा संस्था संलग्न भएको पाइएमा ।

**११. <u>बालक्लब वा संस्था व्यवस्थित गर्नपर्नेः</u>** (१) स्थानीय तहले बालक्लब वा संस्थाको विवरण अद्यावधिक गरी राख्नु पर्नेछ ।

(२) स्थानीय बाल अधिकार समितिले सम्बन्धित स्थानीय तहका बालक्लब वा संस्थाको उपलब्धि तथा क्रियाकलापको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**१२. <u>आर्थिक कारोबार गर्न नपाउनेः</u>** बालक्लब वा संस्थाले कुनै पनि किसिमको आर्थिक कारोबार, चन्दा र लेनदेन सम्बन्धी व्यवहार गर्न पाउने छैन ।

**१३. <u>शुल्क तथा दस्तुर नलाग्ने</u>:** यस परिच्छेद बमोजिम बालक्लब वा संस्थाको दर्ता तथा नवीकरण गर्दा कुनै किसिमको शुल्क तथा दस्तुर लाग्ने छैन ।

**१४. <u>स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्ने</u>:** बालक्लब वा संस्थाको प्रभावकारी सञ्चालन तथा कामकारबाहीलाई व्यवस्थित गर्न स्थानीय तहले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**१५. <u>स्थानीय कानूनबमोजिम हुने</u>:** (१) यस परिच्छेदबमोजिम दर्ता हुने बालक्लब वा संस्थाको दर्ता, नवीकरण र खारेजीसम्बन्धी प्रक्रिया उत्तरगया गाउँपालिकाको कानूनबमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय कानून नबनेसम्मको लागि स्थानीय तहले यस परिच्छेद बमोजिमको प्रकिया अवलम्बन गरी बालक्लब वा संस्थाको दर्ता, नवीकरण र खारेजी गर्नेछ।

## परिच्छेद — ५

## <u>बालकोष स्थापना, सञ्चालन तथा व्यवस्थापन</u>

**१६. <u>बालकोषः</u>** (१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका लगायत हिंसा पीडित बालबालिकाको सहयोगार्थ उत्तरगया गाउँपालिकामा एक बालकोष निर्माण गरिनेछ । बालकोषमा देहाय बमोजिमका रकमहरू रहनेछन्ः

(क) गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिकाविरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा संवर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य आम्दानी

**१७. <u>कोष सञ्चालक समितिः</u>** (१) स्थानीय तहमा बालकोष सञ्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बालकोष सञ्चालक समिति रहनेछः—

(क) अध्यक्ष, स्थानीय बाल अधिकार समिति — संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ग) लेखा प्रमुख — सदस्य

(घ) स्थानीय बाल अधिकार समितिका सदस्यमध्ये समितिले तोकेको १ जना— सदस्य

(ङ) बाल कल्याण अधिकारी — सदस्य सचिव

(२) बुँदा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

१८. बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

९क) तत्कालीन समयमा गाउँपालिकाभित्र आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सञ्चालनमा रहेका स्थानीय बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका कोषहरुको रकम खोजी गरी यस कार्यविधि बमोजिम बनेको बालकोषमा जम्मा गर्ने, गराउने,

(ख) विशेष संरक्षणको आवश्यकता भएका र जोखिम अवस्थामा परेका र बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनर्स्थापन, पारिवारिक पुनर्मिलन गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने,

(ग) सहयोगको आवश्यकता भएका बालबालिकालाई मापदण्ड बनाई सहयोग गर्ने,

(घ) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने।

(ङ) बालकोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**१९. <u>कोषको प्रयोगः</u>** (१) बालकोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः—

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थामा रहेका बालबालिकाको उद्धार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ग) बालबालिकाको हक हित सम्बन्धमा कोष सञ्चालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

**२०. <u>बालकोषको खर्चका सीमाः</u>** (१) बालकोषको रकम देहायका अवस्थामा कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

(क) हिंसापीडित बालबालिकालाई अधिकतम रू.१० हजारसम्मको घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि ।

(ख) हिंसा पीडित बालबालिकाको न्यायका लागि अस्थायी आवास, मनोविमर्श, यातायात तथा कानूनी सहायतामा लाग्ने खर्च अधिकतम रू. २५ हजारसम्म ।

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक वृत्ति, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणवापत अधिकतम प्रति बालबालिका रू. ५ हजारसम्म ।

(घ) विशेष परिस्थितिमा बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष सञ्चालक समितिको निर्धारण गरे बमोजिम हुनेछ।

(ङ) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण तथा अनुगमन एवम् प्रशासनिक कार्य र संचेतनाका कार्यक्रममा खर्च गर्न पाइनेछैन।

**२१. <u>कोषको खाता सञ्चालनः</u>** (१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट्र बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा वा नेपाल सरकारबाट वित्तीय कारोबार गर्ने अनुमति प्राप्त सहकारीमा खाता खोली सञ्चालन गरिनेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालनका लागि पालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएपनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन।

**२२. <u>कोषको लेखा र लेखा परीक्षणः</u>** (१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद — ६

## गाउँ बाल संरक्षण, प्रवर्धन तथा संवर्धन समितिहरुको गठन व्यवस्थापन र सञ्चालन

**२३. <u>गाउँ बालअधिकार संरक्षण, प्रवर्धन तथा संवर्धन समितिको गठन प्रक्रियाः</u>**

उत्तरगया गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको सुनिश्चित गरी बालमैत्री, अपाङ्गता मैत्री, पोषणमैत्री, बाल विवाह मुक्त स्थानीय तह, बाल श्रममुक्त स्थानीय तह अवलम्बन, घोषणा, कार्यान्वयन र दिगोपनाका निम्ति काम गर्न निम्न

अनुसारको एक गाउँ बालअधिकार संरक्षण, प्रवर्धन तथा संवर्धन समिति गठन गरिनेछः—

(क) गाउँपालिका अध्यक्ष अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष सदस्य

(ग) पाँचवटा वडाका वडा अध्यक्षहरु सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख सदस्य

(ङ) शिक्षा शाखा प्रमुख सदस्य

(च) योजना तथा अनुगमन शाखा प्रमुख सदस्य

(छ) माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १जना सदस्य

(ज) बाल अधिकार फोकल शिक्षकमध्ये १जना सदस्य

(झ) सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञमध्ये १ जना सदस्य

(ञ) पालिका बाल सञ्जालले तोकेको १जना बालिका सहित २ जना सदस्य

(ट) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना सदस्य

(ठ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी सदस्य

(ड) पालिका भित्रका अस्पताल वा स्वास्थ्य संस्थामध्ये गाउँपालिकाले मनोनयन गरेको एकजना प्रतिनिधि सदस्य

(ढ) बाल कल्याण अधिकारी सदस्य

(ण) प्रमुख प्रशासकीय अधिकृत सदस्य—सचिव

२४. <u>बाल अधिकार संरक्षण, प्रवर्धन तथा संवर्धन समितिको काम, कर्तव्य र अधिकारः</u>

(क) बाल अधिकार संरक्षणऽ प्रवर्धन तथा संवर्धनका निम्ति वार्षिक कार्यक्रमको स्वीकृति गर्ने,

(ख) बाल अधिकारको संरक्षण र संवर्धनका लागि गाउँ बाल अधिकार समिति तथा वडा बाल अधिकार समिति गठन गर्ने,

(ग) बालबालिकाको क्षेत्रमा आवश्यक पर्ने नीति, मापदण्ड, कार्यविधि, योजना र वार्षिक कार्यक्रम तयार गर्ने,

(घ) गाउँ बाल अधिकार समिति र वडा बाल अधिकार समितिको परिचालन गर्ने,

(ङ) गाउँ तथा वडा बाल अधिकार समितिले गरेका कामको अनुगमन, मूल्याङ्कन र प्रतिवेदन समेत तयारी गर्ने,

(च) स्थानीय तहका बालबालिकाको अध्यावधिक तथ्याङ्कको प्रकाशन गर्ने ।

(छ) यस समितिको वर्षमा एक पटक अनिवार्य वैठक बस्नु पर्दछ र आवश्यकताका आधारमा अन्य समयमा पनि वैठक बस्न सक्नेछ ।

**२५. उत्तरगया गाउँपालिकामा बालबालिकाको हक हित र अधिकारको सुनिश्चितताका लागि निम्नानुसारको स्थानीय बाल अधिकार समिति रहने छः**

(क) गाउँपालिका स्तरीय "गाउँ बाल अधिकार समिति" गठन गरिनेछ ।

(ख) पाँच वटा वडामा "वडा बालअधिकार समिति"गठन गरिनेछ ।

**२६. गाउँ बाल अधिकार समितिको गठनः**

(क) गाउँपालिका उपाध्यक्ष अध्यक्ष

(ख) पाँचवटा वडाका वडा अध्यक्षहरु सदस्य

(ग) कार्यपालिका महिला सदस्य १ सदस्य

(घ) स्वास्थ्य, शिक्षा, खानेपानी, योजना, प्रशासन शाखाका ५ जना सदस्य

(ङ) सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञमध्ये १ जना सदस्य

(च) पालिका बाल सञ्जालले तोकेको १जना बालिका सहित २ जना सदस्य

(छ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी सदस्य

(ज) बाल कल्याण अधिकारी सदस्य—सचिव

२७. <u>गाउँ बाल अधिकार समितिको काम कर्तव्य र अधिकार</u>

(क) बालमैत्री स्थानीय शासन शासनको अवलम्बन, कार्यान्वयन, घोषणा र दिगोपनाको लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन घोषणा कार्यान्वयन निर्देशिका २०७८ अनुसार काम गर्ने, गराउने,

(ख) पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने गराउने,

(ग) बालश्रम मुक्त स्थानीय तह घोषणा र दिगोपनाका लागि काम गर्ने,

(घ) बाल विवाह मुक्त स्थानीय तह घोषणा र दिगोपनाका निम्ति काम गर्ने,

(ङ) बाल कोष निर्माण तथा व्यवस्थापन र सञ्चालन गर्ने,

(च) बालक्लब गठन, व्यवस्थापन र सञ्चालन गर्ने,

(छ) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुव्र्यवहार र जघन्य अपराधको अन्त्य तथा न्यूनीकरणका निम्ति काम गर्ने,

(ज) नियम ५३ बमोजिम विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाका लागि वैकल्पिक हेरचाहको प्रबन्ध गर्ने तथा प्रत्यक ४/४ महिनामा अनुगमन गर्ने,

(झ) बालिका सम्बन्धी भए/गरेका कार्यहरू र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी वार्षिक प्रतिवेदन पालिकाको स्वीकृतिमा प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(ञ) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न पालिकालाई सुझाव दिने

(ट) गाउँपालिका द्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(ठ) गाउँपालिका भित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुव्र्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ड) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ढ) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(ण) जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन सम्बन्धी कार्य प्रबन्धमा सहयोग गर्ने ।

(त) नियम ८३ बमोजिम समाजसेवी तथा बालमनोविज्ञ सूचीकृत र नियुक्त गर्नेः—

(१) ऐनको दफा ६२ को उपदफा (२) बमोजिम समाजसेवी तथा बाल मनोविज्ञलाई सूचीकृत गर्नको लागि स्थानीय बाल अधिकार समितिले २१ दिनको म्याद दिई स्थानीय तहमा सञ्चालनमा रहेका सार्वजनिक सञ्चार माध्यमद्वारा सावजनिक सूचना जारी गरी त्यस्ता सूचना स्थानीय तहको सूचनापाटीमा टास गरी वेबसाइटमा समेत राखुपर्नेछ।

(२) उपनियम (१) बमोजिम जारी गरिएका सूचना अनुसार आवश्यक योग्यता भएका समाजसेवी तथा बाल मनोविज्ञले सोही सूचनाले तोके बमोजिम स्थानीय बाल अधिकार समितिमा सूचीकृत हुन निवेदन दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको निवेदन र कागजात जाँच गर्दा योग्यता पुगेका निवेदकलाई समाजसेवी वा बालमनोविज्ञका रूपमा स्थानीय बाल अधिकार समितिले सूचीकृत गर्नेछ ।

(४) उपनियम (३) बमोजिम सूचीकृत समाजसेवी वा बाल मनोविज्ञलाई बाल संरक्षण सम्बन्धी कार्य र सेवा प्रवाहको कार्यभारको आधारमा स्थानीय बाल अधिकार

समितिको सिफारिसमा स्थानीय तहले आवश्यक सङ्ख्यामा नियुक्त गर्न सक्नेछ ।

२८. <u>वडा बाल अधिकार समिति गठनः</u>

(क) वडा अध्यक्ष — अध्यक्ष

(ख) वडा सदस्यहरु ४ जना — सदस्य

(ग) विद्यालय शिक्षकहरु मध्ये एक जना महिला शिक्षिका सहित २ जना — सदस्य

(घ) स्वास्थ्य स्वयमसेवी परिचालिका मध्ये १ जना — सदस्य

(ङ) सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता वा बाल मनोविज्ञमध्ये १ जना — सदस्य

(च) वडामा काम गर्ने गैर सरकारी संस्था वा निजि क्षेत्रका एक प्रतिनिधि — सदस्य

(छ) वडा बाल सञ्जालले तोकेको १जना बालिका सहित २ जना — सदस्य

(ज) वडा सचिव — सदस्य—सचिव

२९. <u>वडा बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः</u>

(क) बालमैत्री वडा अवलम्बनऽ कार्यान्वयन घोषणा र दिगोपनाको लागि संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन घोषणा कार्यान्वयन निर्देशिका २०७८ अनुसार काम गर्ने,

(ख) पोषणमैत्री वडा घोषणाका निम्ति काम गर्ने,

(ग) बालश्रम मुक्त वडा घोषणा र दिगोपनाका लागि काम गर्ने,

(घ)बाल विवाह मुक्त वडा घोषणा र दिगोपनाका निम्ति काम गर्ने,

(ङ) वडा स्तरीय बालक्लब सञ्जाल गठन, व्यवस्थापन र सञ्चालन गर्ने,

(च) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुव्र्यवहार र जघन्य अपराधको अन्त्य तथा न्यूनीकरणका निम्ति काम गर्ने ।

(छ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र बालबालिका सम्बन्धी वडाको स्थिति प्रतिवेदन तयार गरी गाउँपालिकालाई उपलब्ध गराउने र प्रकाशन समेत गर्ने ।

**३०. <u>स्थानीय बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था समितिले निर्धारण गरेबमोजिम हुनेछ।</u>**

**३१.** उपसमिति वा कार्यटोली गठन गर्न सक्नेः (१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारु रूपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम, कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि पालिकाको प्रचलित नियमानुसार हुनेछ ।

## परिच्छेद — ७

## <u>बाल कल्याण अधिकारी</u>

**३२. <u>बाल कल्याण अधिकारीको तोक्नेः</u>** (१) गाउँपालिकाले बालबालिका सम्बन्धी ऐनको दफा ६१ को उपदफा (१) बमोजिम

हुने गरी एकजना बाल कल्याण अधिकारी महिला बालबालिका शाखा प्रमुखलाई तोकिनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

**३३. <u>बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकारः</u>** बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँ बाल अधिकार समितिको निर्णय एवं निर्देशनहरू कार्यान्वयन गर्ने वा गराउने।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवं कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) गाउँपालिकाभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था

सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) गाउँपालिकाका जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी गाउँ बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) आन्तरिक धर्मपुत्र/धर्मपुत्रीका रूपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्मा उपलब्ध गराउने ।

(छ) बालबालिका विरुद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज)ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) गाउँपालिकामा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), ९झ), ९ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद्मा पेश गर्ने ।

(ढ) गाउँपालिकाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद — ८

## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

३४. समाजसेवी तथा बाल मनोविज्ञको सूची तथा नियुक्ति (१) गाउँपालिकामा रही समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले गाउँ बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त गाउँ बाल अधिकार समितिले निवेदकले

पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित गाउँ बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप—दफा (घ) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा गाउँ बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा गाउँ बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक गाउँपालिकाले व्यवस्था गर्नेछ ।

**३५. <u>सेवा प्रदायक निकायको नक्सांकन तथा सूचीकरणः</u>** (१) गाउँपालिकामा रही बालबालिकाको हक, हित र अधिकारको

संरक्षण तथा संवर्धनका लागि ईच्छुक सामाजिक संस्थाहरू गाउँपालिकामा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) सूचीकृत गर्नका निमित्त गाउँ बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) गाउँपालिकामा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित गाउँ बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप—दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गाउँ बाल अधिकार समितिले तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा गाउँ बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५)उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ।

## परिच्छेद — ९

## बालमैत्री स्थानीय शासन अवलम्बन, घोषणा र दिगोपना सम्बन्धी व्यवस्था

### ३६. बालमैत्री स्थानीय शासनः

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका समझदारी तथा प्रतिबद्धता कार्यान्यवन गर्ने सन्दर्भमा बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा उल्लेख गरिएका बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता बालअधिकारका मूलभूत विषयलाई सम्बोधन गरी बालअधिकार सुनिश्चित गर्नु राज्यको दायित्व भएको छ । यस परिप्रेक्ष्यमा नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय शासन घोषणा तथा दिगोपना कार्यविधि,२०७९ जारी गरी बालमैत्री स्थानीय शासन प्रणाली प्रवद्र्धनको अभियानलाई निरन्तरता दिएको छ । यसले हाम्रो गाउँपालिकाले अवलम्बन गर्ने योजना तर्जुमा, बालबालिकासँग सम्बन्धित नीति निर्माण र निर्णय प्रक्रियामा बालबालिका, उनीहरूका अभिभावक तथा बालबालिकासँग सरोकार राख्ने संघ संस्थाहरूको सहभागिता र उनीहरूको भूमिका सुनिश्चित गरी बालमैत्री शासन पद्धति स्थापित गर्नेछ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ ले तोकेका न्यूनतम सूचकहरूका साथै स्थानीय तहले थप गरेका अतिरिक्त सूचकहरू समेत हासिल गर्ने, उत्तरगया गाउँपालिकामा

बालमैत्री शासन कार्यान्वयन गर्ने र बालमैत्री वडा तथा गाउँपालिका घोषणा गरिनेछ ।

उत्तरगया गाउँपालिकाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्दै शासकीय पद्धतिलाई आत्मसात गर्दै लैजानेछ ।

उत्तरगया गाउँपालिकाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले राखेको लक्ष्य पुरा गर्नका निम्ति निम्नअनुसार उद्देश्यहरू राखी बालमैत्री स्थानीय शासन अवलम्बन, घोषणा र दिगोपनाका निम्ति कार्य गर्नेछ ।

(१) बालबालिका सुरक्षित भई बाच्न पाउने हकको प्रवद्र्धन गर्ने,

(२) बालबालिकाको संरक्षण सम्बन्धी हकको प्रवद्र्धन गर्ने,

(३) बालबालिकाको विकास सम्बन्धी हकको प्रवद्र्धन गर्ने,

(४) बालबालिकाको लागि आधारभूत सेवा प्रवाह,

(५) योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरूको आवाजको सुनुवाई गर्ने र

(६) निर्माण हुने भौतिक संरचना बालमैत्री बनाउनु ।

३७. **<u>बालमैत्री स्थानीय शासनको औचित्यः</u>**

— स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालबालिकाको सवाललाई समेट्न,

— बालबालिका सम्बन्धी नीति तथा कार्यक्रममा अन्तर सरकार समन्वय स्थापित गर्न,

— निर्माण हुने पूर्वाधार तथा संरचनालाई बालमैत्री बनाउन,

— विपद् तथा जोखिममा बालबालिकालाई प्राथमिकतामा राख्न,

— संस्थागत क्षमता र मानवीय संशाधन तयार गर्न,

— सरकारी तथा गैर सरकारी निकायबीच समन्वय गर्दै बाल अधिकार र बालमैत्री अवधारणालाई प्रवद्र्धन गर्न ।

— नेपालले प्रतिवद्धता गरेको, अवलम्बन गरेको कानूनी व्यवस्था अनुसार बालबालिकामा सेवा प्रवाह सुनिश्चितता गर्न ।

उत्तरगया गाउँपालिकामा बालमैत्री स्थानीय शासन अवलम्बन र घोषणा गर्नका निम्ति संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार ५१ वटा सूचक पुरा गर्नका निम्ति निरन्तर काम गरिनेछ । सो कामको लागि बाल अधिकार संरक्षण,

प्रवद्र्धन तथा संवर्धन समिति, गाउँ बाल अधिकार समिति र वडा बाल अधिकार समिति लगायतका सम्पूर्ण बालमैत्री स्थानीय शासनसँग सम्बद्ध सरोकारवाला निकाय मार्फत काम गर्नेछ ।

## ३८. <u>बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७</u>

बालमैत्री स्थानीय शासन घोषणा गर्नका समेत बाल श्रमको अन्त्य भएको हुनु पर्दछ । यसका साथसाथै संघीय मामिला तथा सामान्वय प्रशासन मन्त्रालयले जारी गरेको बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ ले तय गरेका सम्पूर्ण कार्यहरु निरन्तर रुपमा गरी बालश्रम मुक्त स्थानीय तह समेत घोषणा गर्नका निम्ति सरोकारवाला व्यक्ति, निकाय र बाल अधिकारसम्बन्धी गठन गरिएका समितिहरूमा निरन्तर छलफल गरी काम गरिनेछ ।

बालश्रम (निषेध तथा नियमित गर्ने)ऐन, २०५६ तथा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५—०८५) अनुसार देहाय बमोजिमको क्षेत्रमा संलग्न बालबालिकालाई यस कार्यविधिले लक्षित गरेको छ ।

१) घरेलु बालश्रम

२) बाल भरिया,

३) कृषि तथा पशुपालन बालश्रम,

४) लागूपदार्थ सङ्कलन, बेचबिखन तथा ओसारपसारमा संलग्न बालश्रम,

५) बुनाई बालश्रम

६) इट्टा उद्योगको बालश्रम

७) खानी क्षेत्रका बालश्रम

८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत)

९) यातायात क्षेत्रको बालश्रम,

१०) जरी तथा बुट्टा भराईमा संलग्न बालश्रम,

११) छिमेकी देशमा पु-याइएका बालश्रम

१२) यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्ने बालश्रम

१३) सडक व्यापारमा संलग्न बालश्रम

१४) जडीबुटी सङ्कलन गर्ने बालश्रम,

१५) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम तथा

१६) होटेल रोष्टुराँका बालश्रम

१७) स्थानीय तहले तोकोका अन्य

माथि उल्लिखित प्रकारका बालश्रमको अन्त्यका लागि नेपाल सरकारले बालश्रम निवारण सम्बन्धी १० वर्षे गुरुयोजना तथा

स्थानीय तह बालश्रम मुक्त घोषणा कार्यविधि अनुसार काम गरिनेछ ।

## ३९. <u>बालविवाहमुक्त स्थानीय तहः</u>

बाल विवाह भन्नाले कुनैपनि राष्ट्रको कानूनमा विवाह गर्न उपयुक्त भनी तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बुझाउँछ । नेपालको संविधानको धारा ३९ को उपधारा (५) मा कुनैपनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन भनी मौलिक हकको रूपमा स्थापित गरिएको छ र यस्तो कार्य कानून बमोजिम दण्डनीय हुने व्यवस्था रहेको छ । बाल विवाह परम्परागत हानिकारक अभ्यास हो । यो कानूनद्वारा निषेधित र दण्डनीय अपराधका रुपमा रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार बाल विवाह वा उमेर नपुगी हुने विवाहलाई गैरकानूनी तथा कसूरजन्य अपराधका रुपमा व्यवस्था गरिएको छ । उत्तरगया गाउँपालिकामा हुने गरेका बाल विवाहको न्यूनीकरण र अन्त्यका निम्ति र बालमैत्री स्थानीय शासनको सूचक पुरा गर्नका निम्ति समेत बाल विवाह अन्त्य गर्नुपर्दछ । त्यसैले यस गाउँपालिकाले बाल विवाह विरुद्धको रणनीति, २०७२ अनुसार काम गरिनेछ ।

## परिच्छेद—१०

## विविध

४०. **स्रोतको व्यवस्थापनः** उत्तरगया गाउँपालिका तथा वडाले बाल अधिकारको संरक्षण, प्रवर्धन तथा संवर्धन कार्य सञ्चालन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछ ।

४१. **प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई उत्तरगया गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

४२. **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार उत्तरगया गाउँपालिकालाई हुनेछ।

४३. **संसोधन गर्न सकिनेः** यस कार्यविधिलाई गाउँसभाले आवश्यक संसोधन गर्न सक्नेछ।

४४. **खारेजी र बचाउः** यो एकिकृत कार्यविधी लागू भएसँगै उत्तरगया गाउँपालिका लहरेपौवा रसुवा यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमती प्रदेश सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म यो कार्यविधि अमान्य

हुनेछन् र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरू मान्य हुनेछ।

४५. **यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** उत्तरगया गाउँपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ। यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्बर्धन प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

## अनुसूची — १

विशेष संरक्षणको आवश्यकता भएका बालबालिका को हुन् (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४८ अनुसार)

(क) अनाथ बालबालिका, (अभिभावक नभएका)

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुव्र्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(ज) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई

जीवनयापन गरिरहेका, धूम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. संक्रमित बालबालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका बालबालिका,

(ञ) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका वा आफू नै शारीरिक वा मानसिक रूपमा घाइते भएका वा अपाङ्गता भएका बालबालिका,

(ठ) विपन्न दलित समुदायका बालबालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।उपर्युक्त अवस्थाका बालबालिकालाई आवश्यकता अनुसार उद्धार, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनरुथापना, वैकल्पिक हेरचाह, परिवार सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य सेवा तथा सहयोग गर्नु राज्यको दायित्व हो ।

## अनुसूची —२

वैकल्पिक स्याहारको आवश्यकता भएका बालबालिका को—को हुन् (बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४९ अनुसार)

(क) अनाथ बालबालिका (अभिभावक विहिन)

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबुआमाबाट अलग्गिएका वा बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका,

(ग) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(घ) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुव्र्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका ।

## अनुसूची — ३

गाउँ बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

उत्तरगया गाउँपालिका

गाउँ बाल अधिकार समिति

उजुरी निवेदन फारामको ढाँचा

मिति ........................

१. विद्यार्थी/बालबालिकाको नाम थर ..............................................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा................... (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)

३. विद्यालयको नाम

..................................................................

४. उमेर ...........................

५. लिङ्ग .................

६. गुनासो तथा घटना ..........................................................................

७. घटना घटाउने व्यक्ति ...............................................................

८. घटनाको प्रकृति .........................................................................

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ...................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन्

..........................................................................

..........................................................................

..........................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

## अनुसूची — ४

## बालक्लब दर्ता प्रमाण—पत्र लिन दिइने निवेदनको ढाँचा

मितिः

श्री ..................................

.............................. ।

विषयः' बालक्बल वा संस्था वा सञ्जाल दर्ता सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा रसुवा जिल्लाको उत्तरगया गाउँपालिका वडा नं......टोल .................... स्थित बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्न हामी ........ जना सम्मिलित हुनेगरी ............................... नामक बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ४ को उपनियम (१) बमोजिम उल्लेखित बालक्लब वा संस्था/बाल सञ्जाल गर्ता गरिदिनु हुन अनुरोध छ ।

संलग्न गरिएका कागजातहरू

१. बालक्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण

२. बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको

प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

३. बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

४.बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

**अनुसूची—५**

संस्था/बालक्लब/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना

उत्तरगया गाउँपालिका

रसुवा जिल्ला

बागमती प्रदेश

नेपाल

सूचीकृत/आवद्धता प्रमाणपत्र

आवद्धता नं.—                                    मितिः—

श्री.......................................संस्था/बालक्लब/सञ्जाल

ठेगाना .......... ।

रसुवा जिल्ला उत्तरगया गाउँपालिका ...... नं. वडाको ...................... विद्यालय/समुदायमा गठन ................ संस्था/बालक्लब/सञ्जाललाई यस .......................... पालिकामा आवद्धता गरीे बाल अधिकार संरक्षण तथा संवर्धन कार्यविधि २०७७ को परिच्छेद ....दफा .. ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ।

बाल अधिकार संरक्षण र संवद्र्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९ तथा बालबालिका सम्बन्धी ऐन, २०७५ लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरूको अधिनमा रही यस नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौं ।

**प्रमाणित गर्ने**

**दस्तखतः**

**नामः**

**पदः**

## अनुसूची—६

## संस्था/बालक्लब/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

## निवेदन पत्रको ढाँचा

मिति

श्री प्रमुखज्यू,

उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

...............................।

विषयः— संस्था/बालक्लब/सञ्जाल सूचीकृत/आबद्धता गरी पाऊँ भन्ने बारे ।

महोदय,

हामीले ............................................. नामको संस्था/बालक्लब/सञ्जाल खोल्न चाहेकोले मेलम्ची नगरसभाबाट स्वीकृत “ बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद ... दफा ...ले गरेको व्यवस्था बमोजिम संस्था/बालक्लब/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित संस्था/बालक्लब/सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बालक्लब/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरुको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ।

निवेदक

अध्यक्ष

बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

१) अनुसूची २ अनुसारको निवेदन

२) संस्था/बालक्लब/सञ्जालको विधान २ प्रति (संस्था/बालक्लब/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण, संस्था/बालक्लब/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरुको विवरण सहित)

३) बालक्लबको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लबको कार्यसमितिको बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि

# अनुसूची–७

## संस्था/बालक्लब/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा

## निवेदन पत्रको ढाँचा

मितिः

श्री प्रमुखज्यू,

उत्तरगया गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

............................।

विषयः— संस्था/बालक्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे ।

महोदय,

।रसुवा जिल्ला उत्तरगया गाउँपालिका ....... नं. वडा .......... स्थित ............................विद्यालय/समुदायमा आधारित हाम्रो .................................... नामको संस्था/बालक्लब/सञ्जाल .............................. पालिका सभाबाट स्वीकृत "बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद ....दफा..... ले गरेको व्यवस्था" बमोजिम मिति..................मा दर्ता/सूचीकृत भै क्रियाशील रहदै आएको छ । हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं.......रहेको छ । यस सिलसिलामा बाल अधिकार संरक्षण तथा सम्वर्धन कार्यविधि २०७७ को परिच्छेद .....दफा..... ले गरेको व्यवस्था बमोजिम

संस्था/बालक्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था/बालक्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, संस्था/बालक्लब/सञ्जालमा रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदहरुको विवरण यसैसाथ संलग्न गरिएको छ।

भवदीय

अध्यक्ष

संस्था/बालक्लब/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरुः

१) अनुसूची .. अनुसारको निवेदन

२) संस्था/बालक्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरु

३) संस्था/बालक्लब/सञ्जालको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) संस्था/बालक्लब/सञ्जाल दर्ताको प्रतिलिपि

अनुसूची — ८

# उत्तरगया गाउँपालिका
# रसुवा जिल्ला
# बागमती प्रदेश
# नेपाल

## संस्था/बालक्लब/सञ्जाल सूचीकरणको दर्ता किताब

| क्र.सं. | संस्था/बालक्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लब/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची—९

## उत्तरगया गाउँपालिका
## रसुवा जिल्ला
## बागमती प्रदेश
## नेपाल

### संस्था/बालक्लब/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताव

| क्र.सं. | संस्था/बालक्लब/सञ्जालको नाम | ठेगाना | संस्था/बालक्लब/सञ्जालमा सदस्य सङ्ख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

# अनुसूची–१०

## बालमैत्री स्थानीय शासनका सूचकहरू

| क्र.स. | बालमैत्री स्थानीय शासनका न्यूनतम सेवा सूचकहरू | घोषणाको लागि आवश्यक अंक |
|---|---|---|
| | **बाल बचाउ** | |
| १. | गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसुति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | ९५ |
| २ . | गर्भवती महिलाले टिटी विरुद्धको २ वटा खोप लगाएकाहुनेछन् । | ९५ |
| ३. | गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की २२५ जम्मा)वटा खाएको । ( | ९५ |
| ४. | गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन् । | ८० |
| ५. | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरूपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | ८० |

| | | |
|---|---|---|
| ६. | ६ महिना देखि ५ वर्षसम्मका बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएकोहुनेछन् । | १०० |
| ७. | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्तगरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० |
| ८. | एच्आईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकाले पाएको हुनेछन् । | १०० |
| ९. | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १०० |
| १०. | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाको संख्यामा कमि आएको हुनेछ । | ८० |
| ११. | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शुन्य भएको हुनेछ । | १०० |
| १२. | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १०० |
| १३. | चर्पी गएपछि, बालबालिकाको दिसा धोए पछि रखाना खानु/खुवाउनु अगाडि साबुन पानीले हात धुने परिपाटीको विकास भएकोहुनेछ । | १०० |
| १४. | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुल्ला दिसामुक्त घोषणा भएको हुनेछ । | १०० |
| | बाल संरक्षण | |

| | | |
|---|---|---|
| १५. | ५ वर्ष मुनीका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १०० |
| १६. | निकृष्ट प्रकारको बाश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनःर्स्थापना भएको हुनेछ । | १०० |
| १७. | स्थानीय तह बाल विवाह मुक्त घोषणा भएको हुनेछ । | १०० |
| १८. | घरपरिवार समुदाय, सार्वजनिक स्थान विद्यालय), सामाजिक चार्डपर्व, भेलामा ( बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, वेवास्था र दुव्र्यवहारमा कमी आएको हुनेछ । | ८० |
| १९. | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ । | १०० |
| २०. | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | ९५ |
| २१. | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका को संरक्षण गर्न (भएमा) विषेश व्यवस्था गरेका हुनेछन् । | १०० |
| २२. | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ । सडक बालबालिकालाई बालगृहमा राखी व्यवस्थापन (भएकोमा) (भएको हुने | १०० |

| | | |
|---|---|---|
| २३. | स्थानीय तहमा रहेका विद्यालयहरूले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १०० |
| २४. | कुलतमा लागेका बालबालिकाको बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १०० |
| | **बाल विकास** | |
| २५. | ३ देखि४ वर्षसम्मका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ । फरक क्षमता ) भएका बालबालिकाको हकमा विशेष व्यवस्था (हुनुपर्ने | १०० |
| २६. | ५ देखि १४ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा सम्म ८ देखि कक्षा १)) पाएका हुनेछन् । | १०० |
| २७. | प्रत्येक विद्यालयमा खानीको प्रयोग सुविधा सहित छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था भइ यसको प्रयोग हुनेछ । | १०० |
| २८. | सबै विद्यालयका पूर्वाधार कक्षा कोठा), फर्निचर, खेलमैदान, खानेपानीको धारा ( बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित भएका हुनेछन् । | १०० |

| | | |
|---|---|---|
| २९. | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० |
| ३०. | सबै विद्यालयहरूले कुहिने र नकुहिने फोहोर अलगअलग विसर्जन गर्ने व्यवस्था गरेका — हुनेछन् । | १०० |
| | **बाल सहभागिता** | |
| ३१. | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भइ क्रियाशील ३ न्यूनतम वार्षिक) (वटा कार्यक्रम सञ्चालन ३ वटा वैठक र रहेका हुनेछन् । | ९५ |
| ३२. | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरूमा समावेशी आधारमा बालक्लब गठन भइ क्रियाशील ३ न्यूनतम वार्षिक) वटा कार ३ वटा वैठक र्‍यक्रम सञ्चालन ( रहेका हुनेछन् । | ९५ |
| ३३. | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | १०० |
| ३४. | स्वास्थ्य व्यवस्थापन समितिमाबालक्लब/सञ्जालको प्रतिनिधित्व हुनेछ । | १०० |
| ३५. | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरूमा १२ देखि | ९० |

| | | |
|---|---|---|
| | १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | |
| ३६. | बालभेलाबाट माग भई आएका योजनाहरू स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | १०० |
| | **संस्थागत विकास** | |
| ३७. | वडा, गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरू गठन भइ क्रियाशील रहेका हुनेछन् । | १०० |
| ३८. | स्थानीय तहहरूले आफ्नो लागिबालमैत्रीआचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमाल्याएकाहुनेछन् । | १०० |
| ३९. | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको हुनेछ । | ८० |
| ४०. | बालबालिकाको वस्तुगत विवरण को आधारमा स्थानीय तहको (प्रोफाइल) विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भइ कार्यान्वयन भएको हुनेछ । | १०० |
| ४१. | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रूपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको | १०० |

| | | |
|---|---|---|
| | योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | |
| ४२. | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथाप्रकाशन र अद्यावधिक भएको हुनेछ । | १०० |
| ४३. | प्रारम्भिक बालविकास केन्द्रहरूले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन् । | १०० |
| ४४. | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरूका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १०० |
| ४५. | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । | ८० |
| ४६. | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरूमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क इकाइ रहेको हुनेछ । | १०० |
| ४७. | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका संस्थाका सवारी साधनहरू स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १०० |

| | | |
|---|---|---|
| ४८. | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछन् । | १०० |
| ४९. | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरूमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ । | १०० |
| ५०. | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । | १०० |
| ५१. | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरूको विषेश सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० |

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**